आज मिति २०८२ फाल्गुण १७ गते विहान ८.०० बजे यस बेनीघाट रोराङ गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर थपलिया (विवेक) ज्यूको अध्यक्षतामा बेनीघाट रोराङ गाउँपालिका कार्यपालिकाको बैठक वसि निम्न निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण बहादुर थपलिया (विवेक) |
| २. | उपाध्यक्ष | श्री टाप बहादुर श्रेष्ठ |
| ३. | वडा अध्यक्ष | श्री जिवन सिं तामाङ |
| ४. | वडा अध्यक्ष | श्री हेमराज भुजेल |
| ५. | वडा अध्यक्ष | श्री भुवन त्रिपाठी |
| ६. | वडा अध्यक्ष | श्री राजु बहादुर मगर |
| ७. | वडा अध्यक्ष | श्री रोशन कुमार सिलवाल |
| ८. | वडा अध्यक्ष | श्री टेकनाथ सिल्वाल |
| ९. | वडा अध्यक्ष | श्री कुमार वस्नेत |
| १०. | वडा अध्यक्ष | श्री राज कुमार श्रेष्ठ |
| ११. | वडा अध्यक्ष | श्री देवि बहादुर खड्का |
| १२. | वडा अध्यक्ष | श्री विकास चेपाङ |
| १३. | कार्यपालिका सदस्य | श्री इन्दिरा कडेल |
| १४. | कार्यपालिका सदस्य | श्री पुष बहादुर वि.क. |
| १५. | कार्यपालिका सदस्य | श्री विन्दा मगराती |
| १६. | कार्यपालिका सदस्य | श्री भिम बहादुर प्रजा |
| १७. | कार्यपालिका सदस्य | श्री राम मायाँ चेपाङ |
| १८. | कार्यपालिका सदस्य | श्री सुन्तली मायाँ तामाङ |
| १९. | सदस्य सचिव (प्र.प्र.अ.) | श्री रामबाबु पौडेल |

आमन्त्रित

| | |
|---|---|
| १. शिक्षा अधिकृत | श्री बोधराज पाठक |
| २. लेखा अधिकृत | श्री दुतेन्द्र चाम्लिङ |
| ३. शाखा अधिकृत | श्री परशुराम घिमिरे |
| ४. इन्जिनियर | श्री प्रकाश सिलवाल |

CamScanner

निर्णय नं. १

गाउँ कार्यपालिकाको यस अघिका बैठकमा भएका निर्णयहरुको समीक्षा गरियो । कार्यान्वयन नभएका निर्णयहरु कार्यान्वयनका लागि कार्यपालिका कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

गाउँ कार्यपालिकाको ग्रामिण क्षेत्रका फोहरहरु घर घरमै बर्गिकरण गरी कुहिने फोहर प्राङ्गारिक मल निर्माण गर्ने तथा नकुहिने फोहरहरु निश्चित ठाउँमा जम्मा गरी ब्यवस्थापन गर्ने र राजमार्ग क्षेत्रका फोहरहरु श्रोतमै बर्गिकरण गरी कुहिने फोहरलाई प्राङ्गारिक मल वनाउन कृषकहरुलाई उपलब्ध गराउने र नकुहिने फोहर यस अघि नै तोकिएको बेनीघाट रोराङ ७ चौकी नजिक संकलन गर्ने र पुन प्रयोग हुने तथा नहुने फोहरको बर्गिकरण गरी ब्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. १

यस गाउँपालिका र नेपाल नेत्रज्योति संघ, भरतपुर आँखा अस्पताल बीच आँखा उपचार केन्द्र सञ्चालनका लागि मिति २०७८ श्रावण १३ गते शुक्रबार भएको साझेदारी सम्झौता बमोजिम चालु आ.व. मा रु ५००,०००।– अक्षरेपी पाँच लाख रुपैया मात्र उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner